सर्वोत्तम सिमेन्ट लिमिटेड

का.म.न.पा. वडा नं. ३२ तिनकुने, सुविधानगर, काठमाण्डौ, नेपाल
E-mail : info@sarbottamcement.com | Website : sarbottamcement.com

आठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८३/०८/०१)

आदरणीय, शेयरधनीमहानुभावहरु

सर्वोत्तम सिमेन्ट लिमिटेडको मिति २०८३ कार्तिक २९ गते बसेको सञ्चालक समितिको २४३ औं बैठकको निर्णयानुसार देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा यस कम्पनीको आठौं वार्षिक साधारण सभा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी गराईन्छ ।

वार्षिक साधारण सभा बस्ने मिति, स्थान र समय

मिति : २०८३ साल पौष महिना ०२ गते (तदनुसार १७, डिसेम्बर २०२६) ।

समय : बिहान १०:०० बजे ।

स्थान : अमृतभोग क्याटरिङ, कालिकास्थान, काठमाडौं ।

छलफल गर्ने विषयहरू

(क) सामान्य प्रस्तावहरू

१) कम्पनीको सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२) लेखापरिक्षकको प्रतिवेदन सहितको २०८३ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाहको विवरण लगायतका वित्तीय विवरणहरु सहितका अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३) कम्पनी ऐन, २०६३ को दफा ११९ अनुसार आर्थिक वर्ष २०८३/०८४ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४) कम्पनीमा कायम शेयरधनीहरुलाई आ.व.२०८२/०८३ सम्मको मुनाफा रकम बाट कम्पनीको चुक्ता पुँजी रु ५,२२,४२,७५,०००/- (अक्षरेपी पाँच अर्ब बाइस करोड बयालिस लाख पचहत्तर हजार रुपैयाँ मात्र) को १५% का दरले हुन आउने रु ७८,३६,४१,२५०।- (अक्षरेपी अठहत्तर करोड छत्तीस लाख एकचालिस हजार दुई सय पचास रुपैयाँ मात्र) लाभांश कर सहित नगद लाभांश वितरण गर्ने प्रस्ताव छलफल गरी पारित गर्ने सम्बन्धमा ।

५) कम्पनी ऐन, २०६३ को दफा ९३ बमोजिम यस कम्पनीका आधारभुत शेयरधनी वा सञ्चालक सम्बद्ध रहेको संस्थासंग तथा यसै संस्थासंग सम्बद्ध कम्पनीसंग गरेको कारोबार बिबरणलाई अनुमोदन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

६) विविध

(ख) विशेष प्रस्तावहरू

१) कम्पनीको अधिकृत पुँजी वृद्धि गरी रु. ६,००,००,००,०००/- (अक्षरेपी छ अर्ब रुपैयाँ मात्र) कायम गर्ने सम्बन्धमा ।

२) सञ्चालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई आ.व. २०८२/०८३ सम्मको मुनाफा रकमबाट कम्पनीको चुक्ता पुँजी रु ५,२२,४२,७५,०००/- (अक्षरेपी पाँच अर्ब बाइस करोड बयालिस लाख पचहत्तर हजार रुपैयाँ मात्र) को ६% का दरले हुन आउने रु ३१,३४,५६,५००।- (अक्षरेपी एकतीस करोड चौतीस लाख छपन्न हजार पाँच सय रुपैया मात्र) बराबरको बोनश शेयर वितरण गर्न स्वीकृती प्रदान गर्ने तथा उक्त बोनश शेयर वितरण गर्दा, हुन आउने खण्डित शेयरलाई पछि समायोजन गर्ने गरी हाल यथावत राख्ने सम्बन्धमा ।

३) प्रस्तावीत वोनश शेयर वितरण गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित भए पश्चात कम्पनीको अधिकृत पुँजी, जारी तथा चुक्ता पुँजीमा प्रभाव परी पुँजी बृद्धि हुने भएकोले सोही बमोजिम प्रबन्धपत्रमा संशोधन पारित गर्ने सम्बन्धमा ।

४) नियमावलीको नियम २७ (२) संशोधन गरी सञ्चालक समितिमा पाँच जना सञ्चालक कायम गर्ने सम्बन्धमा ।

५) सञ्चालकहरुलाई हाल उपलब्ध गराइएको मासिक पत्रपत्रिका तथा सञ्चार भत्ता, बैठक भत्ता तथा उप-समिति बैठक भत्ता फेरवदल सम्बन्धमा ।

६) कम्पनीको प्रबन्धपत्र र नियमावलीमा भएको संशोधनमा सम्बन्धित निकायबाट कुनै संशोधन फेरबदल वा थपघट गर्न कुनै सुझाव निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

७) कम्पनी ऐन २०६३ को दफा १०५ बमोजिमको कारोबार विवरणलाई छलफल तथा अनुमोदन गर्ने सम्बन्धमा ।

८) विविध

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

साधारण सभा सम्बन्धि जानकारी :

१) साधारण सभामा भाग लिने प्रयोजनका लागि मिति २०८३/०८/१८ गते शुक्रवार एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द (Book close) रहनेछ । नेपाल स्टक एक्सचेन्ज लि. मा शेयरधनी दर्ता किताब बन्द (Book close) हुन भन्दा अघिल्लो दिन २०८३/०८/१७ सम्म कारोवार भई शेयर खरीद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरुको सो सभामा भाग लिन सक्ने छन् ।

२. वार्षिक साधारणसभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने सक्कल प्रमाण र हितग्राही खातामा शेयर अभौतीकरण गरिएको विवरण देखिने Demat Account Statement वा शेयर प्रमाणपत्र साथमा लिई आउन हुन अनुरोध छ ।

३. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा बिहान ९:३० बजे देखि खुल्ला रहनेछ । साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरु वा प्रतिनिधिबाहकले सभा हुने स्थानमा उपस्थित भई उक्त स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ ।

४. आर्थिक विवरण लगायतका वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा साधारणसभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको website: sarbottamcement.com मा पनि हेर्न सक्नुहुनेछ ।

५. सभामा भाग लिनका लागि प्रतिनिधि (Proxy) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधि (Proxy) फाराम सभा हुने दिन भन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात २०८३/०८/२९ गते बिहानको १०:०० बजे भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ । एक भन्दा बढी प्रतिनिधि (Proxy) नियुक्त भएको पाइएमा सबै भन्दा पहिला दर्ता भएको प्रतिनिधि (Proxy) मात्र मान्य हुनेछ । प्रतिनिधि (Proxy) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी स्वयम् उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रतिनिधि पत्र (Proxy) स्वत: बदर हुनेछ ।

६. संयुक्त रुपमा रहेको शेयरधनीको हकमा शेयरधनीको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले अथवा सर्वसम्मतिबाट प्रतिनिधि (Proxy) नियुक्त गरिएको एक जना व्यक्तिले मात्र सभामा भाग लिन पाउने छ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिहरुले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नुहुनेछ ।

७. सभाको दिन सभा शुरु हुनु भन्दा अगावै वा निर्धारित समयमै सभा कक्षमा उपस्थित भईदिनहुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ ।

८. साधारणसभाको काम कारवाही तथा अन्य कार्यविधि कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।

९. कम्पनीको वार्षिक साधारण सभा सम्बन्धी सूचना, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, आर्थिक विवरणहरु निरिक्षण गर्न तथा प्रतिलिपि आवश्यक भएमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय, तिनकुने काठमाण्डौमा सम्पर्क राख्न सकिनेछ । शेयरधनिहरुले आफ्नो प्रमाण प्रस्तुत गरी सो प्रतिवेदन लिन सक्नेछन् ।

१०. वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीका लागि कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।